# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np


मिति : २०७२ बैशाख १५ गते

# प्रेश-विज्ञप्ति

यही बैशाख १२ गते का दिन नेपालको गोरखा जिल्ललाई आधार बनाएर गएको बिनासकारी महाभुकम्पले अहिले सम्म हजारौंको अकालमा ज्यान लिईसकेको, हजारौं सख्यामा घाईते बनाएको तथा अरवौंको धनजन क्षति हुनेगरी विपत्ती आईलागेको यस दुखत घडीमा मृतकहरु प्रति हार्दिक श्रार्द्धञ्जली अर्पण गर्दै, पिडित परिवारहरुमा धर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्नका साथै घाईतेहरुको यथाशिग्र सकुशल उद्धार र निशुल्क उपचार गर्न नेपाल आदिवासी जनजाति महासंघ नेपाल सरकार समक्ष जोडदार माग गर्दछ । प्रभावित क्षेत्रहरुमा उद्धार र पिडितहरुलाई राहात वितरण कार्यमा ढिलो भईरहेको प्रति नेपाल आदिवासी जनजाति महासंघको गम्भीर ध्यानआकर्षित भएकाले प्रभावित क्षेत्रहरुमा तत्काल उद्धार र पिडितहरुलाई राहात पुर्‍याउन तथा यस विपत्तीमा नेपाली जनताहरुले व्योर्हनुपर्ने विभिन्न रोगहरुको महामारी, महङ्गी र दैनिक उपाभोग्य बस्तुहरुको अभाव तथा हाहाकरी जस्ता चौनुतीहरुको थप मारमा नपार्न नेपाल आदिवासी जनजाति महासंघ सरकार समक्ष जोडदार माग गर्दछ ।

यस बीचमा विपतमा परेकाहरुका लागि विभिन्न देश तथा विदेशहरुबाट आएको राहातका कार्यक्रमहरु न्योचित रुपमा भुकम्प प्रभावित क्षेत्रमा रहेका भुकम्प पिडितहरुका लागि तत्काल वितरण गर्न गराउन र प्रभावित क्षेत्रहरुमा उद्धार कार्य ढिलो भईरहेकोले तत्काल प्रभावित क्षेत्रमा उद्धार कार्य गर्न गराउन नेपाल आदिवासी जनजाति महासंघ नेपाल सरकार समक्ष जोडदार रुपमा माग गर्दछ ।

यस विपत्तिमा अहोरात उद्धार कार्यमा खटिनुहुने सुरक्षा निकायहरु, समाचार संकलन गरी संप्रेषण गर्नुहुने सबै पत्रकार मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधीहरु प्रति नेपाल आदिवासी जनजात महासंघ सम्मान प्रकट गर्दै नेपाल आदिवासी जनजाति महासंघका सम्पूर्ण सदस्य संगठनहरु, संघीय परिषद सदस्यहरु, सम्बन्धन संगठनहरु, जिल्ला समन्वय परिषदहरु लगायत सम्पूर्ण आदिवासी जनजाति बुद्धिजिवीहरु सहयोग र उद्धार कार्यमा सक्रिय रुपमा परिचालित हुन साथै प्रवासी अदिवासी जनजाीत महासंघहरुलाई आ-आफ्नो ठाँउमा रहेर सहयोग गर्न हुन पनि सबैमा हार्दिक आव्हान गर्दछौ ।

नगेन्द्र कुमार कुमाल

अध्यक्ष